दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३८ | अंक १९३ | बुटवल | २०८३ साउन ०४ गते, सोमबार | नेपाल संवत ११४६ | Monday July 20, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

### प्रधानमन्त्री सचिवालयको अनुचित हस्तक्षेप :

# राहदानी छपाइ ठेक्का तोड्न दिएको दबाब गलत सावित

**प्रत्यक्ष आफ्नो मातहत समेत नभएको निकायमा प्रधानमन्त्री बालेन शाह र उनको टिमले गत असार १ गते घटाएको घटनाले सरकारको विश्वसनीयतामाथि ठूलो प्रश्न खडा गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसका सभापति गगन थापाले पासपोर्ट ठेक्कामा सरकारले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई तर्साएर पंगु बनाएको आरोप लगाएका छन् । पोखरामा आयोजित एक कार्यक्रममा बोल्दै विगतका सरकारले आफ्ना मान्छे नियुक्त गरेर अख्तियारलाई कमजोर बनाएको भएकाले सरकारले तर्साएर निष्क्रिय बनाउने प्रयास गरेको दाबी गरे ।

उनले भने-'दलको आदेश मान्ने वा राजनीतिक दबाबमा चल्ने अख्तियार दुवै अवस्थामा प्रभावकारी हुन सक्दैन । तर, किन अख्तियार पंगु भयो त ? पछिल्लो समयमा पासपोर्टको काण्डमा सुनिराख्नुभएको छ। योभन्दा पहिलाको सरकारहरूले आफ्नो मान्छे बनाएर अख्तियारलाई पंगु बनायो, अहिलेको सरकारले अख्तियारलाई तर्साएर पंगु बनाउने भयो । हामीले स्वतन्त्र संवैधानिक एउटा अङ्ग खोजेको हो ।'

उनले भ्रष्टाचारका फाइल खोल्नेभन्दा पनि कुनै पनि सरकारले फाइल बन्द गर्न नसक्ने प्रणाली निर्माण गर्नुपर्ने आवश्यकता रहेको बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग स्वतन्त्र र प्रभावकारी संवैधानिक निकाय बन्नुपर्ने भन्दै त्यसका लागि नियुक्ति प्रक्रियामै सुधार आवश्यक रहेको बताए। संवैधानिक परिषद्बाट हुने नियुक्तिलाई निष्पक्ष र विश्वासयोग्य बनाउन संविधान संशोधनबारे छलफल गर्नुपर्ने भन्दै थापाले विगतमा संवैधानिक निकायहरूमा भागबन्डा भएको अनुभव रहेको र अहिले पनि कार्यपालिका प्रभाव बढ्ने जोखिम देखिएको भन्दै सुशासनका दृष्टिले संविधानमा आवश्यक संशोधन गर्नुपर्ने जनाए।

लोकतन्त्र, समावेशिता र नागरिकका मौलिक अधिकारमा कुनै सम्झौता गर्न नसकिने उनले बताए । आफू विगतमा प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्थाको पक्षमा रहे पनि त्यसमा कार्यपालिका र संसद् फरक दलको नियन्त्रणमा हुँदा कानुन र बजेट पारित हुन नसक्ने जस्ता चुनौती देखिने भएकाले सबै पक्षको गम्भीर अध्ययन आवश्यक रहेको उनको भनाइ छ । थापाले संविधानले सुनिश्चित गरेका मौलिक अधिकार, विशेषगरी आवासको हक र भूमिहीन दलितलाई जग्गा उपलब्ध गराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा राज्यको ध्यान केन्द्रित हुनुपर्ने पनि जोड दिए।

प्रधानमन्त्री बालेन शाह र उनको सल्लाहकार समूहले पासपोर्ट छपाइको ठेक्कामा भ्रष्टाचार भएको एकोहोरो दाबी गर्दै जर्मन कम्पनीले राहदानी छाप्न नसक्ने भनेर राज्यका निकायमाथि गरेको अनुचित हस्तक्षेप र दबाब गलत सावित भएको छ। प्रधानमन्त्रीको सचिवालयका व्यक्तिहरुले असार १ गते अख्तियारका पदाधिकारीहरूलाई प्रधानमन्त्री कार्यालयमा नै बोलाएर मुद्दा चलाउन दबाब दिएको थियो । साथै, राहदानी विभागका अधिकारी र कर्मचारीहरूलाई समयमा नयाँ पासपोर्ट छपाइको काम हुन नसक्ने भन्दै ठेक्का तोड्न पनि दबाब दिएको थियो। । तर उनीहरूको दाबी विपरीत राहदानी विभागमा नयाँ कम्पनीहरूले एक सातादेखि पासपोर्ट छपाइ थालेका छन् ।

उनीहरूले असारको अन्तिम सातादेखि पासपोर्ट मात्रै छापेका छैनन्, देशभर नै सेवाग्राहीहरूको वैयक्तिक विवरण र बायोमेट्रिक लिने काम पनि गरिरहेका छन् । नियमित सेवा दिन करिब तीन महिना लाग्ने अनुमान गरिएकोमा केही ठाउँमा भने समस्या आएको र त्यसको पहिचान गरेर समाधान खोज्ने काम भइरहेको राहदानी विभागले जनाएको छ।

जबकि प्रधानमन्त्रीको सचिवालयका व्यक्तिहरुले ठेक्का पाएको जर्मन कम्पनीको मेशिनले वैयक्तिक विवरण र बायोमेट्रिक दिन नसक्ने भन्दै गलत दाबी गरेर ठेक्का तोडेर फ्रान्सेली कम्पनीलाई दिन चाहेका थिए।




राहदानी विभागका एक अधिकृतले नयाँ कम्पनीले करिब पाँच लाख थान पासपोर्टको पुस्तिका छापिसकेको र नियमित काम पनि सुरु भइसकेको बताए। '६० भन्दा बढी जिल्लामा नयाँ प्रणाली सञ्चालनमा आइसकेको छ भने अरूमा जोड्ने प्रयास भइरहेको छ, ती प्राविधिकका अनुसार, ठेकेदार कम्पनीका प्रतिनिधिहरूले सेवाग्राहीको माग अनुसार पासपोर्ट छाप्ने प्रतिबद्धता जनाएका छन् र तोकिएको गुणस्तरको कागज रहेको पासपोर्ट पुस्तिका दिनेछन्,' उनले भने-'अनि सबै जिल्लाहरूमा पासपोर्टको 'इनरोल' गर्ने प्रणाली जडान भइरहेको छ । 'हामीले योग्य रहेको आधार हेरेर ठेक्का दिइसकेपछि प्रधानमन्त्रीको सचिवालयले जबरजस्ती उसले पासपोर्ट छाप्दैन भनेर शंका गर्ने र ठेक्का तोड्न दबाब दिने काम भयो, जुन एकदमै गलत सावित भयो।'

गत महिना प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको घटनामा प्रधानमन्त्री बालेन शाहका सल्लाहकारहरू कुमार बेन, असिम शाहले समयमा उपकरण र सफ्टवेयर ल्याउन नसकेकाले नयाँ ठेक्का पाएका जर्मन कम्पनीहरू मुलवर र भेरिडोसले समयमा पासपोर्ट छाप्न नसक्ने दाबी गरेका थिए। उनीहरुले ओली सरकारका पालामा ठेक्का अघि बढाइएकाले ठूलो रकम भ्रष्टाचार भएको छ र त्यसको छानबिन हुनुपर्छ भन्ने दाबी पनि थियो। उनीहरूले अख्तियारका पदाधिकारीहरूलाई सिंहदरबारस्थित बैठक कक्षमै घण्टौं बसालेर मुद्दाको प्रक्रिया अघि बढाउन समेत जबरजस्ती दबाब दिएका थिए । असार १ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा भएको घटनामा प्रधानमन्त्री बालेन शाहका सचिवालयका सल्लाहकार एवं विज्ञहरूले ठेक्का पाएका जर्मन कम्पनीहरू मुलवर र भेरिडोस कम्पनीले समयमा पासपोर्ट छापेर दिन सक्दैनन् र अनियमित तरिकाले पासपोर्टको ठेक्का लिएकाले भ्रष्टाचार मुद्दा चलाउनुपर्छ भन्ने तर्क गरेका थिए । भ्रष्टाचार मुद्दा दायर हुनासाथ त्यसमा संलग्न कम्पनीमाथि पनि मुद्दा चल्छ र त्यस्तो अवस्थामा ठेक्का स्वतः तोडिन्छ र नयाँ प्रक्रियामा जान पाइन्छ भन्ने बुझाई उनीहरुको थियो।

राहदानी विभागका कर्मचारीहरूका अनुसार, नेपालमा १६ वर्षदेखि पासपोर्ट उपलब्ध गराइरहेको आइडिमिया र त्यसका नेपालस्थित प्रतिनिधिहरू पनि नयाँ ठेक्का प्रक्रियामा अवरोध होस् र कार्यान्वयनमा नआओस् भन्ने चाहन्थे । र, त्यसका लागि दौडधुप गरिरहेका थिए । ठेक्का तोडिदा फेरि टेण्डर वा नयाँ प्रक्रियामा जाँदा कम्तिमा पनि छ महिना लाग्ने र त्यसले मुलुकमा पासपोर्टको अभाव सिर्जना हुन्थ्यो । पासपोर्टको हाहाकार सिर्जना हुन नदिन पनि अहिले भेरिएसनबाट ठेक्का पाइरहेको आइडिमियालाई नै पासपोर्ट छाप्ने जिम्मेवारी दिनुपर्ने बाध्यता हुन्थ्यो।

प्रधानमन्त्री शाहको टिमको दुवै दाबीले दिने नतिजा एउटै थियो, नयाँ ठेकेदारहरूसँग ठेक्का तोड्ने र अहिले छापिरहेको कम्पनीलाई नै काममा निरन्तरता दिने। अख्तियारका पदाधिकारीहरूलाई दबाब दिएर भ्रष्टाचार मुद्दा अघि बढाउन सफल भए पनि उनीहरूले ठेक्का तोड्न भने सकेनन्।

करिब एक महिनाकै अवधिमा जर्मन कम्पनीहरूले पासपोर्ट छापेर उपलब्ध गराउन थालेपछि प्रधानमन्त्रीको टिमले लगाएको आरोपको खण्डन भएको छ। भ्रष्टाचार मुद्दा र ठेक्का प्रक्रियामा संलग्नहरूमाथि धरपकडका बावजुद उनीहरूले तोकिएको समयमा नयाँ ढंगले पासपोर्ट छाप्न थालेपछि प्रधानमन्त्रीको सचिवालयको अनुचित हस्तक्षेप र लगाइएका आरोप गलत सावित भएका हुन् । प्रधानमन्त्रीको टिमको दबाबमा अघि बढेको भ्रष्टाचार मुद्दा भने विशेष अदालतमा विचाराधीन छ । अहिले विशेष अदालतमा मुद्दा खेपिरहेका राहदानी विभागका एक प्राविधिकका अनुसार, तोकिएको जिम्मेवारी अनुसार काम गर्ने प्रतिबद्धताका साथ ठेक्का सम्झौता गरेपछि उनीहरूमाथि विचैमा शंका गर्न नहुने बताउँछन् । नेपाली कांग्रेसका सचेतक निश्कल राई पासपोर्ट ठेक्कामा प्रधानमन्त्री बालेन शाहको सचिवालयको अस्वभाविक सक्रियताले कुनै नतिजा नदिएको र उनीहरूलाई प्रारम्भिक रुपमा नै असफल बनाएको टिप्पणी गर्छन्।

गत १ असारको घटनाले प्रधानमन्त्री बालेन शाह र उनको टिमको विश्वसनीयतामाथि ठूलो प्रश्न खडा गरेको छ। प्रत्यक्ष आफ्नो मातहत समेत नभएको निकायमा उनको सचिवालयले ठेक्का तोड्न दिएको दबाब र हस्तक्षेप अस्वभाविक थियो। उनीहरूले सम्बन्धित मन्त्रालय (परराष्ट्र मन्त्रालय) सँग कुनै समन्वय र परामर्श समेत नगरी हस्तक्षेप गरेका थिए। त्यसका साथसाथै भ्रष्टाचारको अनुसन्धान र मुद्दा दायर गर्ने संवैधानिक निकायका पदाधिकारीहरूलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर दबाबको शैलीमा निर्णय गर्न दबाब दिएका थिए । बन्द कोठाभित्र गरिएका दुवै गतिविधि स्वभाविक खालका थिएनन् । तर प्रधानमन्त्री बालेन शाहले अख्तियारका पदाधिकारीलाई आवश्यक परे पाँच घण्टामात्रै होइन, पाँच वर्षसम्म थुनेर छलफल गर्नसक्ने भनेर सार्वजिनक भाषण गरे। त्यसपछि समेत प्रधानमन्त्रीको सचिवालयका कर्मचारीले ठेक्का तोड्न राहदानी विभागका कर्मचारीलाई निरन्तर दबाब दिइरहेका थिए।

प्रधानमन्त्रीको सचिवालयका टिमले जे दाबी गरेर ठेक्का रद्द गर्न दबाब दिएका थिए, करिब एक महिनामै त्यो सही थिएन भन्ने पुष्टि भइसकेको छ । किनभने, नयाँ कम्पनीले निर्वाध पासपोर्ट छाप्न थालिसकेको छ। सुरुमा केही समस्या हुनसक्ने भएकाले उसले स्थिर र निर्वाध सेवा दिन तीन महिनाजति लाग्ने भनेर ठेक्का सम्झौतामा उल्लेख नै थियो।

» बाँकी ३ पेजमा

## नेताहरू पक्राउमा पनि प्रतिशोध पुष्टी



बुटवल । बालेन्द्र (बालेन) शाहको नेतृत्वमा सरकार गठन भए यता तीन महिनाको अवधिमा राजनीतिक दलका विभिन्न नेता पक्राउ गरे पनि अदालतले पक्राउ प्रक्रिया र प्रमाणको अभाव देखाएर रिहा गर्दै आंदा सरकारले प्रतिशोध सांधेर जथाभावी पक्राउ गरेको पुष्टी भएको छ।

सरकार गठन भएको दोस्रो दिनमै पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रेमश लेखकलाई २०८२ चैत १४ मा जरुरी पक्राउ पुर्जी जारी गरेर घरबाटै पक्राउ गरिएको थियो । २०८२ भदौ २३ र २४ को जेनजी आन्दोलका घटनाको जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णयअनुसार प्रहरीले दुवै जनालाई पक्राउ गरेको थियो। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको घटनामा अनुसन्धानका लागि पक्राउ परेका कांग्रेस नेता तथा पूर्वगृहमन्त्री लेखकका तर्फबाट यशोदा लेखक र ओलीका तर्फबाट राधिका शाक्यले चैत १५ गते रिट दर्ता गरियो।

सर्वोच्च अदालतले २०८२ चैत २३ मा ओली र लेखकलाई अरु कुनै कारणले थुनामा राख्न आवश्यक नदेखिएमा बाहिरै राखेर अनुसन्धान गर्न आदेश दिएको थियो । न्यायाधीशद्वय विनोद शर्मा र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ अनुसार दुवैलाई हाजिरी जमानीमा छाड्न आदेश दिएको थियो।

अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ लाई मुख्य आधार बनाएको थियो । यो दफामा अनुसन्धानका लागि व्यक्तिलाई थुनामै राखिरहनु आवश्यक नदेखिएमा सरकारी वकिलको सहमतिमा अनुसन्धान अधिकृतले हाजिर जमानी वा तारिखमा छाड्न सक्ने व्यवस्था छ। अदालतले ओली र लेखकको हकमा यही प्रक्रिया अपनाउन भनेको हो।

अदालतले अनुसन्धानका लागि पर्याप्त समय दिइएको देखिएकाले तेस्रो पटक थपिएको ५ दिनको अवधि भित्र अनुसन्धानका महत्त्वपूर्ण कार्यहरू सकिने र त्यसपछि पनि थुनामै राखिरहनु 'न्यायोचित' नहुने अदालतको ठहर छ।

» बाँकी ३ पेजमा

## पहिलेभन्दा धेरै मान्छे विदेश जाँदा पनि सबै चुपचाप : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अहिले विदेश जाने युवाको संख्या पहिलेभन्दा बढेको भए पनि कोही नबोलेको टिप्पणी गरेका छन् । आइतबार एमालेका सांसदहरूका लागि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै ओलीले यस्तो बताएका हुन् ।

'विदेश मान्छे पठाइए, विदेश गए भनेर उधुम हल्ला थियो, पोहोर साल यतिबेला खपिनसक्नु हल्ला थियो,' अध्यक्ष ओलीले भने-'पोहोर साल यतिबेला भन्दा अहिले यतिबेला संख्या बढी गएको छ बाहिर । चुपचाप छ।'

अहिले बाहिर जाने युवाहरूको अधिकार हो भन्ने व्याख्या अगाडि सारिरहेको उनले बताए।

'पोहोर स्वाभाविक थिएन, अहिले स्वाभाविक । कुरो र कुलो जता पनि जान्छ भनेजस्तै उनीहरूले कुरा बङ्ग्याउँछन्, जनताको हित विपरीत, आफ्नो संकीर्ण हितका लागि प्रयोग गर्छन् ।'- ओलीले अगाडि भने।

बङ्ग्याएको कुरा सच्याउनुपर्ने र सही कुरा जनतासमक्ष पुऱ्याउने माध्यम संसद् रहेको उनले जनाए।

कानुन बनाउने संख्या आफूसँग नभए पनि जनताको हितका कुरा उठाउने ठाउँ पनि संसद् रहेको उनले स्मरण गराए।

## सुस्तावासीको समस्या बुझ्न डिआइजी खत्रीको टोली सुस्तामा



बुटवल । भारतीय पक्षबाट सीमा अतिक्रमण रोक्न तथा नागरिकता र लालपुर्जा दिन माग गर्दै काठमाडौंमा धर्ना दिएपछि सुस्ताबासीका समस्या समाधानका लागि सरकारले चासो दिएको छ। गृह मन्त्रालयको परिपत्रअनुसार आइतबार लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुखसहित नेपाल प्रहरी र अन्य सुरक्षा निकायका प्रतिनिधिले सुस्ता क्षेत्रको स्थलगत निरीक्षण गरेका छन् । निरीक्षणका क्रममा सीमा क्षेत्रको अवस्था, डुबानको समस्या, स्थानीयको सुरक्षा, नागरिकतालगायतका विषयमा जानकारी लिँदै समस्या समाधानका लागि गृह मन्त्रालयमा जानकारी गराउने प्रतिबद्धता व्यक्त गरिएको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भुपेन्द्रबहादुर खत्रीले स्थलगत निरीक्षणबाट सुस्तावासीका समस्याहरु पहिचान भएको भन्दै यसबारे माथिल्लो निकाय गृह मन्त्रालयलाई औपचारिकरुपमा जानकारी गराउने बताए।

गत जेठ २९ गते बिहान भारतीय सीमा सुरक्षा बल (एसएसबी) सुस्ता गाउंपालिकाको वडा नं. ५ थारु टोल प्रवेश गरेको र सस्तामा निर्माणाधीन तटबन्धको निर्माण रोक्न दवाव दिएपछि सुस्तावासी सरकारको ध्यानाकर्षण गराउन असार पहिलो हप्ता माइतीघर मण्डलमा धर्ना बस्न गएका थिए । केही दिनको धर्नापछि उनीहरु सुस्ता फर्केका थिए। नारायणी नदी पारी भारतीय सीमा क्षेत्रसंग जोडिएको वडा नं. ५ मा भारतीय पक्षबाट नेपालीमाथि हस्तक्षेप हुने गरेको सुस्तावासीको गुनासो छ । त्यहाँका करिब सय परिवारका सदस्यको नागरिकता नहुँदा उनीहरुले वर्षौंदेखि भागचलन गर्दै आएको जग्गाको लालपूर्जा पाएका छैनन्।

सो अवसरमा प्रदेश प्रहरी कार्यालयले सुस्ताको वडा नं. ५ मा रहेको जनता दलित आधारभूत विद्यालयमा अध्ययरत विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ। लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख भुपेन्द्र बहादुर खत्री, स्थानीय जनप्रतिनिधि आदम खानले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमाल खानमार्फत् विद्यार्थीहरुलाई शैक्षिक सामग्री वितरण गरेका थिए।

» बाँकी ३ पेजमा



सम्पादकीय

# भूमिगत गिरोहको छायाँमा सरकार

प्रधानमन्त्री बालेन्द्र साह सार्वजनिक कार्यक्रममा देखिंदैनन् । संसद बैठकमा कहिलेकाही देखिन्छन् । सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा आउजाउ नियमित भए पनि उनलाई सांसद र विभिन्न सरोकारवालाले भेट्न पाउने पहुँच छैन । अरु त कुरै छाडौं, मन्त्रीहरुले पनि भेट्न पाउँदैनन् । प्रधानमन्त्रीको यो कार्यशैलीले उकुसमुकुस बढाएको छ । झण्डै दुई तिहाईको बहुमत प्राप्त सरकारको काम गराईको तारतम्य नमिल्दा पार्टीभित्र र बाहिरको उकुसमुकुसको व्यवस्थापन गर्न प्रधानमन्त्री नलाग्ने हो भने त्यसले समाजमा असन्तुष्टि र निराशा बढाउने निश्चित छ ।

लोकतन्त्रमा हरेक कुरा पारदर्शी हुनुपर्छ । पारदर्शिताले नै हो, लोकतन्त्रलाई बलियो बनाउने । तर प्रधानमन्त्रीले यो हेक्का राखेका छैनन् । काम गर्ने हो, अरु किन चाहियो भन्ने जवाफले मात्रै हुँदैन, प्रधानमन्त्री पद केवल प्राविधिक पद होइन, यो नागरिकसँग नियमित जोडिनुपर्ने पद हो । नागरिकका सरोकार र अपेक्षासँग नियमित अन्तरक्रिया गर्नुपर्ने पद हो । कर्मचारी, सुरक्षा निकाय र सञ्चारकर्मीसँग नियमित छलफल र अन्तरक्रियाले नै सरकारका कामलाई गतिशील बनाउँछ । अहिले कर्मचारीलाई त्रासमा राखिएको छ, कर्मचारी संयन्त्र विधिले होइन्, प्रधानमन्त्री सचिवालयका सदस्यको निर्देशनका भरमा चल्न बाध्य छन् । मन्त्रीहरु भन्दा प्रधानमन्त्रीको सचिवालय शक्तिशाली भएको छ, जसले मन्त्रीहरु समेत असहज मान्न थालेका छन् । प्रधामन्त्री सचिवालय सदस्यकै निर्देशनमा राहदानी विभागका महानिर्देशक तिर्थ अर्याललाई बलियो प्रमाण विना नै भ्रष्टाचारको अभियोगमा अख्तियारले मुद्दा चलाएको छ । अख्तियार प्रमुख सहितलाई प्रधानमन्त्री कार्यालय बोलाएर मुद्दा नचलाए बाहिर निस्कन नदिने चेतावनी पछि बाध्य भएर अख्तियार मुद्दा चलाउन बाध्य भयो । संवैधानिक निकायमाथि भएको नाङ्गो हस्तक्षेपले सरकार विधिको शासन होइन्, दबाब र धम्कीको भरमा शासन गर्न चाहन्छ भन्ने प्रष्ट भएको छ । पूर्व उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेललाई सम्पत्ति शुद्धीकरण विभागले मुद्दा चलायो, झण्डै २१ करोडको बिगो दाबीसहित मुद्दा चलाउँदा विशेष अदालतले पर्याप्त प्रमाण नपुगेको भन्दै साधारण तारेखमा रिहा गर्ने आदेश दियो । पार्टी कामको शिलशिलामा सुर्खेत पुगेका पौडेललाई जुन हतारोमा पक्राउ गरी म्याद थप्दै २५ दिन थुनामा राखियो, तर प्रमाण पुग्न सकेन् । बलियो प्रमाणबिना पक्राउ गर्ने, तर अदालतले छाड्दा सरकारको छवि धुमिल हुँदै जान्छ भन्ने हेक्का प्रधानमन्त्रीलाई छैन ।

अहिले एउटा प्रश्न बलियोसँग उठेको छ, प्रधानमन्त्रीलाई कसले चलाएको छ ? उनी आफैं अन्तरक्रिया गर्दैनन् ? पार्टीसँग पनि नियमित सम्बन्ध र सम्पर्कमा हुँदैनन् । सुरक्षा निकाय प्रमुखले नियमित भेट पाउँदैनन् । प्रधानमन्त्रीलाई रिर्पोटिङ गर्नुपर्ने संवेदनशिल सूचना सचिवालयका सदस्यलाई दिन सुरक्षा निकाय प्रमुखहरु बाध्य छन् । मन्त्रीहरुले दिनुपर्ने आदेश प्रधानमन्त्रीको सचिवालय सदस्यले दिइरहेका छन् । मन्त्रीलाई रिर्पोटिङ नगरी मन्त्रालयका सचिवहरु प्रधानमन्त्रीका सहयोगीलाई रिर्पोटिङ गर्दैछन् । राहदानीको ठेक्का कसलाई दिने र नदिने विषयमा प्रधानमन्त्रीका सहयोगीहरुले धेरै चासो देखाए । महानिर्देशक अर्याललाई पक्राउ गरी मुद्दा चलाउन दिएको दबाबले त शासन प्रणालीकै धज्जी उडाएको छ । पञ्चायतकालमा पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले भनेका थिए, शासन भूमिगत गिरोहले चलाएको छ । के अहिले पनि भूमिगत गिरोहले चलाउन थालेको हो ? विधिमा टेकेर थिति बसाल्ने सक्दा मात्रै सरकारप्रति भरोसा र विश्वास बढ्छ । विधिलाई किराना लगाएर आदेशका भरमा शासन चलाउन खोज्दा मनपरी र अराजकता मौलाउँछ । जनमत अस्थायी हो भन्ने हेक्का नभएसम्म शासक अहंकारी र दम्भी हुन्छ । सरकारले सय दिन बिताएसँगै चुलिएको असन्तुष्टिको आगोलाई निभाउन प्रधानमन्त्रीले आनीबानी र कार्यशैली सुधार गरेर मात्रै होइन्, विधिलाई स्थापित गर्न सक्दा मात्रै संभव छ ।

# सरकारका सय दिनः आशा, उपलब्धि र चुनौतीको संगममा



ईन्द्रप्रसाद भुसाल

बजारमा महँगी नियन्त्रण, रोजगारी सिर्जना, उत्पादन वृद्धि, लगानी विस्तार तथा उद्योग सञ्चालनमा तत्काल प्रभाव पर्ने परिणामहरू आउन सकेका छैनन् । विदेशिने युवाको संख्या घटाउने तथा स्वदेशमै रोजगारी सिर्जना गर्ने चुनौतीतर्फ केही कसरत भएको सन्केत देखिएको छैन । त्यसैगरी प्रदेश संरचनाको पुनर्समीक्षा, प्रतिनिधिसभाको आकार घटाउने वा नघटाउने, राष्ट्रियसभाको पुनर्संरचना, संवैधानिक निकायहरूको स्वतन्त्रता, न्यायपालिका र सुरक्षा संयन्त्रको सुधारजस्ता विषयमा जनताले स्पष्ट मार्गचित्र अपेक्षा गरेका छन् ।

नेपालको राजनीतिक इतिहासमा यसपटकको निर्वाचनले एउटा नयाँ अध्याय सुरु गरेको छ । लामो समयदेखि परम्परागत राजनीतिक दलहरूप्रति बढ्दै गएको जनअसन्तुष्टि, भ्रष्टाचार, सुशासनको अभाव, बेरोजगारी र विकासप्रतिको निराशाबिच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले करिब दुईतिहाइ बहुमत प्राप्त गर्दै सरकार गठन गऱ्यो । काठमाडौं महानगरपालिकाका मेयरका रूपमा आफ्नो छुट्टै कार्यशैली र सुशासनको छवि बनाएका बालेन्द्र (बालेन) शाह देशको प्रधानमन्त्री बनेपछि नेपाली जनताले परिवर्तनको नयाँ युग सुरु हुने ठूलो अपेक्षा गरेका थिए । सरकार गठन भएको पहिलो सय दिन पूरा भएपछि जनताले एउटा स्वाभाविक प्रश्न सोधिरहेका छन । के सरकारले जनताले देखेको परिवर्तनको संकेत दिन सफल भयो त ? सरकार गठन भए लगत्तै सार्वजनिक गरेको सय दिने कार्ययोजना हेर्दा प्रशासनिक सुधार, सुशासन, भ्रष्टाचार नियन्त्रण, डिजिटल शासन, सार्वजनिक सेवा प्रवाह, आर्थिक सुधार, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग तथा पूर्वाधारलगायतका क्षेत्र समेटिएका एक सय प्रतिबद्धता राखिएका थिए । धेरै जसो पार्टिहरुका चुनावी घोषणापत्रमा राखिएका सामुहिक प्रतिबद्धतालाई पनि यो सरकारले समेटन खोजेको देखिंदा पुराना दलहरु सग आजित भएका धेरै नागरिकहरु खुशि देखिएका थिए ।

यी प्रतिबद्धतामध्ये केही उल्लेखनीय रूपमा कार्यान्वयन भएका छन् भने धेरै योजना अझै प्रक्रिया, अध्ययन वा प्रारम्भिक चरणमै सीमित छन् । सबैभन्दा सकारात्मक पक्ष भनेको सरकारले प्रशासनिक सुधारलाई प्राथमिकतामा राखेको देखिन्छ । मन्त्रालयको संख्या घटाएर सरकारी खर्च कम गर्ने प्रयास गरिएको छ । केही अनावश्यक बोर्ड, समिति तथा निकायहरू खारेज वा एकीकरण गर्ने प्रक्रिया सुरु गरिएको छ । सार्वजनिक प्रशासनमा राजनीतिक हस्तक्षेप कम गर्ने, कर्मचारी आचारसंहिता लागू गर्ने तथा सेवा प्रवाहलाई सरल बनाउने दिशामा गरिएका निर्णयले राज्य संयन्त्रलाई चुस्त र उत्तरदायी बनाउने संकेत दिएका छन् । सुशासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा पनि सरकारले केही साहसिक निर्णय गरेको छ । २०६२/६३ पछि सार्वजनिक पद धारण गरेका व्यक्तिहरूको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्नु, सार्वजनिक खरिद प्रणाली सुधारका लागि कानुनी संशोधन गर्नु तथा सम्पत्ति अभिलेखलाई डिजिटल प्रणालीमा लैजाने तयारी गर्नु सकारात्मक प्रयास हुन् ।

वर्षौंदेखि मौलाएको भ्रष्टाचार नियन्त्रण गर्ने जनअपेक्षालाई केही हदसम्म सम्बोधन गर्ने संकेत देखिएका छन् । डिजिटल शासनको क्षेत्रमा सरकारले ठूलो महत्वाकांक्षा प्रस्तुत गरेको छ । नागरिक सेवा, गुनासो व्यवस्थापन, सरकारी कागजात, डिजिटल हस्ताक्षर, अनलाइन सेवा, सरकारी पोर्टल तथा डेटा व्यवस्थापनलाई आधुनिक बनाउने योजना ल्याइएका छन् । हेलो सरकार प्रणालीलाई एकीकृत ड्यासबोर्डसँग जोड्ने, केही सरकारी सेवा घरदैलोमै पुऱ्याउने तथा नागरिक गुनासोको रियल-टाइम अनुगमन सुरु गर्नु स्वागतयोग्य उपलब्धि हुन् । तर अधिकांश डिजिटल सुधारका योजना अझै कार्यान्वयनको प्रारम्भिक चरणमै छन् । नागरिकले प्रत्यक्ष रूपमा अनुभूति गर्न सक्ने स्तरको डिजिटल रूपान्तरण हुन अझै समय लाग्ने देखिन्छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि केही सुधारका प्रयास भएका छन् । विद्यालय र विश्वविद्यालयमा दलीय विद्यार्थी संगठनको प्रभाव कम गर्ने नीति, कक्षा ५ सम्मको आन्तरिक परीक्षा प्रणालीमा परिवर्तन, परीक्षा परिणाम समयमै सार्वजनिक गर्ने अभ्यास तथा स्नातक तहसम्म अध्ययनका लागि नागरिकताको अनिवार्यता हटाउने तयारी उल्लेखनीय छन् । स्वास्थ्य क्षेत्रमा निःशुल्क शैया व्यवस्था र निःशुल्क स्वास्थ्य पोर्टल सञ्चालन सकारात्मक सुरुआत मान्न सकिन्छ । कृषि क्षेत्रमा किसानका लागि न्यूनतम समर्थन मूल्य निर्धारण गर्दै भूमिहीन सुकुम्वासीहरूको डिजिटल अभिलेख तयार गरी केही स्थानमा लालपुर्जा वितरण सुरु भएको छ । उद्योग तथा लगानी प्रवर्द्धनका क्षेत्रमा पनि एकल सेवा केन्द्र, स्टार्टअप प्रवर्द्धन, साना उद्योगको ऋण व्यवस्थापन तथा निजी क्षेत्रलाई सहजीकरण गर्ने नीति अघि बढाइएको छ । यद्यपि यी अधिकांश कार्यक्रमहरूको प्रभाव अझै व्यवहारमा देखिन बाँकी छ ।

सरकारको अर्को महत्वपूर्ण उपलब्धि सार्वजनिक सेवा प्रवाहमा केही सुधार ल्याउने प्रयास हो । केही जिल्लामा सरकारी सेवा शनिबारसमेत सञ्चालन गर्ने, हुलाकमार्फत् सरकारी कागजात घरमै पुऱ्याउने तथा नागरिक सहायता प्रणाली सञ्चालनमा ल्याउने निर्णयले सेवा प्रवाहलाई केही सहज बनाउने संकेत गरेका छन् । यद्यपि सरकारका अधिकांश निर्णयहरु विश्लेषणात्कम, परिणाममुखि तथा परिपक्क भने छैनन् । सरकारका सकारात्मक पक्षसँगै केही गम्भीर प्रश्नहरू पनि उठिरहेका छन । काठमाडौं उपत्यकाका नदी किनारका अवैध संरचना हटाउने निर्णयलाई धेरैले साहसी कदम माने पनि त्यहाँ बसोबास गरिरहेका वास्तविक भूमिहीन तथा सुकुम्वासीहरूको पुनःस्थापनाको स्पष्ट योजना अझै नदेखिएकाले सरकारको मानवीय पक्षमाथि प्रश्न उठेको छ । विकास र कानुन कार्यान्वयनसँगै सामाजिक न्यायको सन्तुलन कायम गर्नु सरकारको जिम्मेवारी हो । सरकार सबैको अभिभावक बन्नु पर्छ । हरेक कुराको सही विकल्प दिनु सरकारको दायित्व हो ।

आर्थिक क्षेत्रमा पनि जनताले अपेक्षा गरेजस्तो उत्साहजनक परिवर्तन अझै देखिएको छैन । शिक्षा स्वास्थ्य र विद्युत्मा बजेटमार्फत् लगाइएको कर प्रति आम सर्वसाधारणको असन्तुष्टि बढेको छ । बजारमा महँगी नियन्त्रण, रोजगारी सिर्जना, उत्पादन वृद्धि, लगानी विस्तार तथा उद्योग सञ्चालनमा तत्काल प्रभाव पर्ने परिणामहरू आउन सकेका छैनन् । विदेशिने युवाको संख्या घटाउने तथा स्वदेशमै रोजगारी सिर्जना गर्ने चुनौतीतर्फ केही कसरत भएको सन्केत देखिएको छैन । त्यसैगरी प्रदेश संरचनाको पुनर्समीक्षा, प्रतिनिधिसभाको आकार घटाउने वा नघटाउने, राष्ट्रियसभाको पुनर्संरचना, संवैधानिक निकायहरूको स्वतन्त्रता, न्यायपालिका र सुरक्षा संयन्त्रको सुधारजस्ता विषयमा जनताले स्पष्ट मार्गचित्र अपेक्षा गरेका छन् । संविधान संशोधनसम्म गर्ने प्रतिबद्धता व्यक्त गरेको सरकारले धेरै विषय तथा क्षत्रहरुमा ठोस बहस र स्पष्ट योजना अघि बढाउनुपर्ने आवश्यकता अझै कायम छ ।

अभूतपूर्व जनमत प्राप्त नयाँ सरकारसँग जनताको अपेक्षा ठूलो हुनु स्वाभाविक हो । यो सरकार केवल सरकार परिवर्तनको परिणाम होइन, राजनीतिक संस्कृतिमा परिवर्तनको चाहनाको अभिव्यक्ति पनि हो । जनताले रास्वपालाई केवल पुराना दलको विकल्पका रूपमा नभइ नयाँ राजनीतिक संस्कारको प्रतिनिधिका रूपमा बहुमत दिएका हुन् । पुरानै शैली, ढिलासुस्ती, अस्पष्ट निर्णय र प्रशासनिक जटिलता दोहोरिए भने जनताको विश्वास चाँडै कमजोर हुन सक्छ भन्ने कुरा सरकार तथा पार्टी पङ्तिले समयमै बुझ्न जरुरि छ । वास्तवमा पहिलो १०० दिन सरकारको सम्पूर्ण मूल्याङ्कन गर्ने पर्याप्त समय होइन । तर पनि यस अवधिले सरकारको प्राथमिकता, कार्यशैली, निर्णय क्षमता र प्रशासनिक इच्छाशक्तिको प्रारम्भिक संकेत भने अवश्य दिन्छ । बालेन सरकारको हकमा हेर्दा सुशासन, प्रशासनिक सुधार, डिजिटल शासन र भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा केही आशालाग्दा सुरुआत भएका छन् । तर सरकारले गरेका प्रयासहरूलाई व्यवहारमा परिणाममुखी बनाउन धेरै मेहनत आवश्यक छ ।

सरकारको कार्यशैलि प्रति जनतामा केही निराशा पनि देखिन थालेको छ । निर्वाचनअघि गरिएको परिवर्तनको प्रतिबद्धता र अहिलेको कार्यान्वयनको गतिबीच अन्तर देखिएको अनुभव धेरै नागरिकले गर्न थालेका छन् । सामाजिक सञ्जालदेखि सार्वजनिक बहससम्म कामभन्दा घोषणा बढी भयो भन्ने टिप्पणीहरू राजनितिक विश्लेषक हरुले टिप्पणि गर्न थालेका छन् । सरकारका लागि सबैभन्दा ठूलो चुनौती भनेको जनविश्वास जोगाउनु हो । सरकारको लोकप्रियता कार्यशैली र परिणामले दिन्छ । बालेन शाहले काठमाडौं महानगरपालिकामा साना तर प्रभावकारी काम गरेर जनताको विश्वास जितेका थिए । अब प्रधानमन्त्रीका रूपमा त्योभन्दा धेरै ठूलो जिम्मेवारी उनको काँधमा आएको छ । राज्य सञ्चालन संस्थागत क्षमता, सुशासन, पारदर्शिता र प्रभावकारी कार्यसम्पादनले सफल हुन्छ ।

हनिमुन अवधि मानिने सरकारका सय दिन आशा र चुनौती दुवैको मिश्रणका रूपमा देखिएको छ । केही क्षेत्रमा सुधारको आधार तयार भएको छ, तर धेरै क्षेत्रमा अझै अन्योलता कायम नै छ । जनताले सरकारलाई दिएको अभिमत स्थायी होइन, अझ रास्वपाको सवालमा यो झनै तरल छ किनकि यो मत पार्टिका कार्यकर्ताले नभै आम नागरिकले दिएका हुन् । वास्तवमा भन्ने हो भने दल परिवर्तन नगरि मत परिवर्तनको अवस्था हो अहिलेको अभिमत । यदि सरकारले घोषणा गरेका प्रतिबद्धतालाई इमानदारीपूर्वक कार्यान्वयन गर्दै सुशासन, आर्थिक सुधार, रोजगारी, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवा सुधारमा ठोस परिणाम दिन सक्यो भने यसले नेपालको राजनीतिमा नयाँ युगको सुरुआत गर्न सक्छ । तर परिवर्तनको नारामै सरकार सीमित रह्यो भने जनतामा पलाएको आशा फेरि निराशामा बदलिन धेरै समय लाग्ने छैन र राज्य पुनः राजनितिक अस्थिरता को कुचक्रमा फस्ने छ ।

# बर्डफ्लु : किसानको आर्थिक संकट, जनस्वास्थ्यको जोखिम र नीतिगत पहलको खाँचो



प्रकाशचन्द्र खड्का

बर्डफ्लु फेरि नेपाली कृषि क्षेत्रका लागि गम्भीर चुनौती बनेर आएको छ । यो एउटा पन्छीको रोग मात्र होइन, यसले किसानको जीविकोपार्जन, उपभोक्ताको विश्वास, बजारको स्थिरता र देशको खाद्य सुरक्षालाई एकैसाथ प्रभावित पार्छ ।

पछिल्लो सरकारी विवरणअनुसार बर्डफ्लु देशका ११ जिल्लामा फैलिएको छ । झापा, मोरङ, सुनसरी, महोत्तरी, बारा, चितवन र पश्चिम नवलपरासीमा संक्रमण नियन्त्रणमा आएको भए पनि काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकमा नियन्त्रणका लागि ६ लाख ५८ हजार ३१३ वटा कुखुरा, १० लाखभन्दा बढी अण्डा र २ लाख २२ हजार किलोग्रामभन्दा बढी दाना नष्ट गरिएको छ । सरकारले प्रभावित किसानलाई अधिकतम ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउने गरी करिब ५२ करोड रुपैयाँ बराबरको राहत व्यवस्थापन प्रक्रिया अघि बढाएको छ । यी तथ्यांक सरकारी कागजका अंक मात्र होइनन् यी हजारौं किसानको पसिना, बैंकबाट लिएको ऋण, परिवारको भविष्य र वर्षौंको मेहनतको यथार्थ कथा हुन् ।

सबैभन्दा पहिले संक्रमण नियन्त्रणका लागि सरकारले देखाएको तदारुकता, पशु स्वास्थ्य प्राविधिकहरूको सक्रियता, संक्रमित क्षेत्रको व्यवस्थापन तथा राहत उपलब्ध गराउने निर्णयको प्रशंसा गर्नुपर्छ । संकटका बेला राज्यले नागरिकसँगै छु भन्ने दायित्व पूरा गर्ने प्रयास गरेको देखिन्छ । तर कुनै पनि नीतिको सफलता घोषणा मात्रले होइन, प्रभावकारी कार्यान्वयनले मापन गर्छ । आज धेरै किसानको साझा प्रश्न छ- 'राहत त घोषणा भयो, तर मेरो खातामा कहिले आउँछ ?'

कुखुरा नष्ट भएपछि किसानको आम्दानी त्यही दिनदेखि बन्द हुन्छ । तर बैंकको किस्ता रोकिन्न, ब्याज बढ्न छोड्दैन, कर्मचारीको तलब रोकिँदैन र घरपरिवारको खर्च पनि थामिँदैन । यही कारण राहत ढिलो पुग्नु किसानका लागि अर्को संकट बन्न पुगेको छ ।

अहिले राहत वितरण प्रक्रियामा प्राविधिक प्रतिवेदन, मुचुल्का, सिफारिस, स्वीकृति, बजेट निकासा र अन्य प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्छ । यी सबै चरण पूरा हुँदासम्म महिनौं बित्न सक्छ । तर किसानलाई राहत संकट सकिएपछि होइन, संकटकै समयमा चाहिन्छ ।

यसर्थ राहत वितरण प्रणालीलाई पुनःसंरचना गर्ने समय आएको छ । प्रत्येक पालिकामा पशु सेवा शाखा, स्थानीय प्रशासन, किसान प्रतिनिधि र सम्बन्धित प्राविधिक सम्मिलित 'द्रुत राहत सहजीकरण संयन्त्र' गठन गरिनुपर्छ । प्रारम्भिक क्षतिको प्रमाणीकरण गर्ने अधिकार यही संयन्त्रलाई दिई सात दिनभित्र प्रतिवेदन तयार गर्ने व्यवस्था हुनुपर्छ । त्यसपछि प्रदेश र संघीय सरकारले अधिकतम १५ दिनभित्र राहत रकम सम्बन्धित किसानको बैंक खातामा जम्मा हुने कानुनी व्यवस्था सुनिश्चित गर्नुपर्छ । राहत वितरणको सम्पूर्ण अभिलेख डिजिटल प्रणालीमा राखी सार्वजनिक गरिए पारदर्शिता बढ्नुका साथै किसानको विश्वास पनि बलियो हुनेछ ।

तर राहतले मात्र आर्थिक रूपमा थिचिएको किसानलाई फेरि उभ्याउन सक्दैन । नेपालका अधिकांश व्यावसायिक कुखुरापालक किसानले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएर व्यवसाय सञ्चालन गरेका छन् । बर्डफ्लुका कारण सबै कुखुरा नष्ट भएपछि उत्पादन शून्य हुन्छ, तर ऋणको किस्ता र ब्याज भने यथावत् रहन्छ । यस्तो अवस्थामा धेरै किसान कालोसूचीमा पर्ने जोखिममा हुन्छन् ।

त्यसैले सरकारले बर्डफ्लुबाट प्रभावित भई प्रमाणीकरण भएका किसानका लागि कम्तीमा एक वर्षसम्म ऋणको किस्ता स्थगन, ब्याजमा सहुलियत र ऋण पुनर्तालिकीकरणको विशेष व्यवस्था नेपाल राष्ट्र बैंकमार्फत गर्नुपर्छ । यो ऋण मिनाहा गर्ने प्रस्ताव होइन, किसानलाई पुनः उत्पादनमा फर्किने अवसर दिने नीति हो ।

त्यस्तै, फार्म पुनः सञ्चालन गर्न किसानले किटाणुनाशक, औषधि, भिटामिन, खोप, जैविक सुरक्षा सामग्री र नयाँ चल्ला खरिद गर्नुपर्छ । तर यही समयमा उनीहरूसँग पर्याप्त नगद हुँदैन । त्यसैले प्रमाणीकरण भएका किसानलाई निश्चित अवधिसम्म औषधि तथा जैविक सुरक्षा सामग्री खरिदमा विशेष सहुलियत वा अनुदान उपलब्ध गराउने नीति आवश्यक छ । साथै दाना खरिदमा सहुलियत कर्जा, पुनः उत्पादन सुरु गर्ने किसानलाई ब्याज अनुदान, प्रभावकारी पशु बीमा तथा जैविक सुरक्षा मापदण्ड पूरा गर्ने फार्मलाई विशेष प्रोत्साहनको व्यवस्था गर्न सके भविष्यमा यस्ता संकटको असर धेरै हदसम्म कम गर्न सकिन्छ । बर्डफ्लुले किसान मात्र होइन, बजारलाई पनि प्रभावित गर्छ । संक्रमण एउटा जिल्लामा देखिए पनि देशभरका किसानको उत्पादन बिक्री घट्छ । धेरै उपभोक्ताले डरका कारण मासु र अण्डा किन्न छाड्छन् । जबकि वैज्ञानिक तथ्य के हो भने, राम्रोसँग पकाएको कुखुराको मासु र अण्डा सुरक्षित हुन्छ । त्यसैले सरकार, सञ्चारमाध्यम र जनस्वास्थ्य निकायले अफवाह होइन, तथ्यमा आधारित सूचना निरन्तर प्रवाह गर्नुपर्छ ।

यस सन्दर्भमा उपभोक्ता हित क्षेत्रमा काम गर्ने संस्थाहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ । उपभोक्ताको हित भन्नु मूल्य घटाउनु वा बजार अनुगमन गर्नु मात्र होइन । किसान जोगिए मात्र सुरक्षित खाद्य वस्तुको उत्पादन निरन्तर रहन्छ । किसान कमजोर भयो भने भोलि बजारमा अभाव सिर्जना हुन सक्छ र मूल्य पनि बढ्न सक्छ । त्यसैले किसानको संरक्षण र उपभोक्ताको हितलाई एउटै खाद्य प्रणालीका दुई आधारस्तम्भका रूपमा हेर्नुपर्ने समय आएको छ ।

बर्डफ्लुको जोखिमलाई दीर्घकालीन रूपमा व्यवस्थापन गर्न सरकारले अब ढिलाइ गर्नु हुँदैन । आवश्यक परे विद्यमान नीतिको परिमार्जन र संशोधन गर्नुपर्छ। राहत वितरणको स्पष्ट समयसीमा, स्थानीय तहमा द्रुत संयन्त्र, स्थायी जोखिम व्यवस्थापन कोष, प्रभावकारी पशु बीमा, बैंक ऋण सहुलियत, औषधि तथा जैविक सुरक्षा सामग्रीमा अस्थायी सहुलियत, आधुनिक प्रयोगशालाको विस्तार, रोगको शीघ्र परीक्षण, डिजिटल अनुगमन प्रणाली तथा 'वन हेल्थ' अवधारणामा आधारित स्थायी समन्वय संयन्त्र अब नीतिको अभिन्न हिस्सा बन्नुपर्छ ।

किसानलाई राहत दिनु राज्यको खर्च होइन, राष्ट्रको खाद्य सुरक्षामा गरिएको लगानी हो । किसानलाई पुनः उत्पादनमा फर्काउनु अनुदान होइन, मुलुकको कृषि अर्थतन्त्रलाई जोगाउने नीति हो ।

आजको आवश्यकता किसानप्रति सहानुभूति व्यक्त गर्नु मात्र होइन, उनीहरूलाई फेरि उभिन सक्ने आर्थिक आधार प्रदान गर्नु हो । राहत छिटो पुग्ने व्यवस्था, बैंक ऋणमा सहुलियत, औषधि खरिदमा अस्थायी सहयोग, स्थानीय तहबाट द्रुत निर्णय र पारदर्शी कार्यान्वयन सुनिश्चित गर्न सके बर्डफ्लुको संकटलाई धेरै हदसम्म व्यवस्थापन गर्न सकिन्छ ।

अन्त्यमा, किसान बच्यो भने कृषि बच्छ, कृषि बच्यो भने खाद्य सुरक्षा बच्छ, र खाद्य सुरक्षा बच्यो भने देशको भविष्य सुरक्षित हुन्छ । अब निर्णय गर्ने पालो राज्यको हो ।

स्वास्थ्य खबरबाट

# 'मेसिन' मर्मत नहुँदा क्यान्सरका बिरामी भारत धाउन बाध्य




नेपालगञ्ज । खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा करिब तीन महिनादेखि लिन्याक (लिनियर एक्सेलेरेटर) मेसिन बन्द हुँदा रेडियोथेरापी सेवा ठप्प भएको छ । सेवा अवरुद्ध भएपछि दैनिक उपचारका लागि आउने क्यान्सरका बिरामी भारतका विभिन्न अस्पताल धाउन बाध्य छन् ।

रेडियोथेरापी सेवा बन्द हुँदा पश्चिम नेपालका साथै लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका बिरामी सबैभन्दा बढी प्रभावित भएका छन् । अस्पतालमा दैनिक २५ भन्दा बढी बिरामीले रेडियोथेरापी सेवा लिँदै आएका थिए तर मेसिन बिग्रेपछि उनीहरू भारतका बहराइच, लखनउ, दिल्लीलगायतका अस्पतालमा उपचारका लागि जान बाध्य भएका छन् । सुशील कोइराला प्रखर क्यान्सर अस्पताल लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका लागि सरकारी क्यान्सर उपचार सेवा दिने प्रमुख केन्द्र हो ।

अस्पताल प्रशासनका अनुसार मेसिन मर्मत गर्ने प्राविधिक अस्पतालमा छैनन् । मेसिन आपूर्ति गर्ने कम्पनीले बाँकी भुक्तानी नपाएको भन्दै मर्मत गर्न अस्वीकार गरेपछि रेडियोथेरापी सेवा पुनः सञ्चालन अन्योलमा परेको हो ।

अस्पतालका अनुसार खरिद सम्झौतामा उल्लेख भएको एचएस कोड (एचएस कोड) र कन्ट्री अफ ओरिजिनभन्दा फरक विवरण भएको मेसिन आपूर्ति गरिएकाले सप्लायर्सको बाँकी भुक्तानी रोकिएको छ। भुक्तानी रोकिएपछि कम्पनीले मर्मतका लागि प्राविधिक नपठाएको अस्पताल प्रशासनको भनाइ छ।

अस्पतालका कार्यकारी निर्देशक डा. निरज भराईले लिन्याक मेसिन सञ्चालनका विषयमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग छलफल भइरहेको र समस्या समाधानका लागि मन्त्रालयमा पत्राचार गरिएको जानकारी दिए। मन्त्रालयबाट आवश्यक निर्णय भएपछि मेसिन पुनः सञ्चालनमा आउने विश्वास व्यक्त गर्दै उनले रेडियोथेरापी सेवा अवरुद्ध हुँदा बिरामीले भोग्नुपरेको समस्याबारे मन्त्रालयलाई जानकारी गराइसकिएको बताए।

अस्पतालका सूचना अधिकारी डा. प्रविण गुप्ताका अनुसार मेसिन मर्मतका लागि आवश्यक प्राविधिक पठाइदिन मन्त्रालयसँग आग्रह गरिएको छ। उनले मन्त्रालयसँग रेडियोलोजी विभागका प्राविधिक जनशक्तिको समेत माग गरिएको र सकेसम्म छिटो सेवा पुनः सञ्चालन गर्ने प्रयास भइरहेको छ।

अस्पतालमा २०७९ पुसमा ल्याइएको उक्त लिन्याक मेसिन खरिदसम्बन्धी विवादका कारण जडान भएको तीन महिनापछि मात्रै सञ्चालनमा आएको थियो। तत्कालीन निर्देशक डा. प्रकाश प्रसाद साहले भुक्तानीको आश्वासन दिएपछि सप्लायर्सले प्राविधिक पठाएर मेसिन सञ्चालनमा ल्याएको अस्पताल जनाइएको छ।

तत्कालीन निर्देशक डा. निरज भट्टराईको कार्यकालमा मन्त्रालयको आग्रहमा गठित छानबिन समितिले खरिद सम्झौता र भन्सार कागजातमा एचएस कोड तथा कन्ट्री अफ ओरिजिन फरक परेको स्वीकार गरेको थियो। समितिले मेसिनको गुणस्तर सञ्चालनपछि मात्रै मूल्याङ्कन गर्न सकिने उल्लेख गर्दै प्रतिवेदन मन्त्रालयमा बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा मेसिन सञ्चालनमा आए पनि एचएस कोड र कन्ट्री अफ ओरिजिनसम्बन्धी विषयमा मन्त्रालयबाट निर्णय नहुँदा बाँकी भुक्तानी रोकिएको अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालका अनुसार रु. २७ करोडभन्दा बढी मूल्यमा खरिद सम्झौता भएको उक्त मेसिनको ६० प्रतिशत रकम भुक्तानी भइसकेको छ भने आठ लाख छ हजार अमेरिकी डलर भुक्तानी गर्न बाँकी छ।

---

**राहदानी**...

प्रधानमन्त्रीको टिमले ठेक्का तोड्न जबरजस्ती गरिरहेको समाचारहरु सार्वजनिक भएपछि रास्वपाका सभापति रवि लामिछानेले सक्रियता देखाएका थिए । उनले परराष्ट्रमन्त्री शिशिर खनालसंग यस विषयमा परामर्श गरेपछि परराष्ट्र मन्त्री ठेक्का पाएकै कम्पनीहरू मुलवर र भेरिडोसबाटै ठेक्काको काम अघि बढाउने र उनीहरूले नसकेमा मात्रै ठेक्का रद्द गर्ने अडान लिएका थिए। पार्टीमा अधिकारसम्पन्न पार्टी सभापति र विभागीय मन्त्री ठेक्का तोड्न नहुने पक्षमा उभिएपछि प्रधानमन्त्री शाहको टिम पछाडि हटेको थियो।

विशेष अदालतमा मुद्दा दायर गरेसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राहदानीको ठेक्कामा भुक्तानीका लागि खोलिएको खाता रोक्का राख्न नेपाल राष्ट्र बैंकमा पत्र पठाइसकेको छ । राहदानी विभागसम्वद्ध स्रोतका अनुसार, अख्तियारको पत्रका कारण नेपाल राष्ट्र बैंकको च्यानलबाट दुई जर्मन ठेकेदारहरूलाई हुने भुक्तानी पनि रोकिएको छ । अख्तियारको आरोप अनुसार, सस्तोमा प्रस्ताव गर्ने कम्पनी छाडेर बढी रकम प्रस्ताव गर्ने अहिलेका ठेकेदारहरू (मुलवर र भेरिडोस) लाई ठेक्का दिने काम भ्रष्टाचार थियो। तर अहिले मुलवर र भेरिडोसले ८ दशमलब ६१ डलरमा एउटा पासपोर्ट छाप्ने प्रतिबद्धता जनाएका थिए भने फ्रान्सको आइडिमियाले ९ दशमलब ९३ डलर प्रस्ताव गरेको थियो । भ्रष्टाचार मुद्दा खेपिरहेका एक प्राविधिक भन्छन्, प्रति पासपोर्ट एक डलर सस्तो खरिदले कसरी राज्यकोषमा नोक्सानी भयो ? हामीमाथिको आरोप लगाउने अख्तियारले नै पुष्टि गर्ला।'

कांग्रेस सचेतक निश्कल राई पासपोर्ट प्रकरणले स्वतन्त्र संवैधानिक निकायमा प्रधानमन्त्री बालेन शाहको टिमको हस्तक्षेप अनपेक्षित रहेको बताउँछन्। 'सुशासनको नारा बोकेर आएको सरकार छ। तर प्रक्रिया नाघ्ने र जथाभावी काम गर्ने हो भने के को सुशासन ?,' उनी भन्छन्- 'यस्ता क्रियाकलापले सुशासन हुने होइन, विधि र प्रक्रियालाई खल्बल्याउछ। नतिजा दिँदैन, अनि भ्रष्टाकरणलाई बढावा दिन्छ।'

करिब १८ करोड रुपैयाँ भुक्तानी लगिसकेका कम्पनीले भ्रष्टाचार मुद्दा दायर हुँदाका बेलामा मात्रै छापिएका पासपोर्टबापत मात्रै करिब ३२ करोड रुपैयाँ भुक्तानी पाइसक्नुपर्ने थियो । त्यसपछि दैनिक रूपमा उसले भुक्तानी पाउने रकमको मात्रा बढ्दो छ । परराष्ट्र मन्त्रालयका एक उच्च पदस्थ कर्मचारीले प्रधानमन्त्री शाहको टिमको जोर जबरजस्तीका कारण जर्मन कम्पनीहरूलाई निकै तितो र नमिठो अनुभव भएको छ।

**असार १ गते के भएको थियो** ?

असार १ गते सोमबार प्रधानमन्त्रीको सचिवालयका मान्छेहरूले चार संस्थासँग जोडिएका मानिसहरू बोलाएका थिए । उनीहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महान्यायाधिवक्ता कार्यालय, परराष्ट्र मन्त्रालय (राहदानी विभागसहित) र राहदानी छाप्ने ठेक्का पाएका जर्मन कम्पनीहरूका मानिस थिए । प्रधानमन्त्रीका सहयोगीहरूले नबोलाएका जर्मन राजदूत उडो युल्जेन भोल्ज पनि त्यस दिन सिंहदरबार पुगेका थिए।

त्यो दिन अख्तियारका प्रमुख आयुक्त प्रेम राई दिउँसो करिब १२ बजे प्रधानमन्त्री कार्यालय पुगेका थिए। उनीभन्दा अघि नै त्यहाँ पुगेका थिए नेपाल सरकारका महान्यायाधिवक्ता नारायण दत्त कँडेल। उनीहरू दुवैलाई एउटै कोठामा राखिएको थियो । अर्को कोठामा परराष्ट्र सचिव अमृत राई, राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल, विभागका आइटी निर्देशक सुनिल केसी र विभागका अधिकारीहरू सोमेश थापा र सन्तोष पौडेल राखिएका थिए। सँगैको तेस्रो कोठामा जर्मन राजदूत भोल्ज, दुई जर्मन कम्पनीका इन्जिनियरहरू र जर्मन कम्पनी भेरिडोसका स्थानीय प्रतिनिधि सिद्धार्थ थापासहित ८ जना थिए । परराष्ट्र र राहदानी विभागका अधिकारीहरू र जर्मन कम्पनीका प्रतिनिधिहरूलाई राहदानी छपाइको प्रगतिबारे छलफल गर्न भनेर बोलाइएको थियो । महान्यायाधिवक्तालाई के विषयमा कुरा गर्ने भन्ने थाहा दिइएको थियो। अख्तियार प्रमुखलाई भने थाहा दिइएको थिएन। केही बेरपछि महान्यायाधिवक्ता कँडेल र अख्तियार प्रमुख राईलाई एउटा कोठामा बोलाइयो । त्यहाँ प्रधानमन्त्री सचिवालयका सदस्यहरू थिए। प्रधानमन्त्री बालेन शाह पनि त्यहाँ गएका थिए।

प्रधानमन्त्री बालेनले महान्यायाधिवक्ता कँडेललाई सर्वोच्च अदालतमा राहदानी ठेक्काको मुद्दा के भइरहेको छ ? भनेर सोधेका थिए। कँडेलले केही समयलाई सुनुवाइ सरेको जवाफ दिएका थिए। प्रधानमन्त्री बालेनले त्यसरी सार्न पाइन्छ ? भन्दै प्रतिप्रश्न गरेका थिए। लगत्तै कँडेलतिर हेरेर अख्तियार प्रमुख राईतिर देखाउँदै प्रधानमन्त्रीले उर्दीको शैलीमा तपाईं कानुनको मान्छे यहीं हुनुहुन्छ । अभियोजन गर्ने उहाँ पनि हुनुहुन्छ। तपाईंहरू मिलेर काम गर्नुहोस् र राहदानी ठेक्काको मुद्दा आजै लैजान निर्देशन दिएका थिए ।

अख्तियार प्रमुख राईले यसरी हतारमा, आजै मुद्दा चलाउन नसकिने बताएका थिए। उनले मुद्दाको अनुसन्धान भइरहेको, सर्वोच्च अदालतले यसैसँग सम्बन्धित मुद्दा हेरिरहेको र ठेक्कापट्टा सम्बन्धी कागजात सबै लगेको राईले बताएका थिए । तर प्रधानमन्त्री सचिवालयका एक सदस्यले हामीले ठेक्का प्रकरणमा के के कैफियत छ भनेर तीन पानामा सबै तयार गरेका छौं, तपाईंहरूलाई किन चाहियो अरू कागजात ? यसैबाट मुद्दा चलाउनुहोस् भन्दै निर्देशन दिएका थिए। राहदानी ठेक्का प्रकरणमा ठूलो भ्रष्टाचार भएको र अख्तियारले समयमा मुद्दा नचलाएको भनेर प्रधानमन्त्री सचिवालयका सदस्यहरूले अनेक टिप्पणी गरेका थिए।

प्रधानमन्त्री सचिवालयका सदस्य माधव खनालले यो प्रकरणमा भ्रष्टाचार पनि सानो हो र ? २६ अर्ब भ्रष्टाचार भएको छ जसमा पाँच वर्षका लागि राहदानी छाप्न जम्मा ८ अर्ब रूपैयाँ भन्दा कममा ठेक्का लागेको र अहिले सम्म नेपाल सरकारले जर्मन कम्पनीहरुलाई करिब १८ करोड रकम मात्र तिरेको भन्दै २६ अर्ब रूपैयाँ भ्रष्टाचार भएको दाबी गरेका थिए । प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार बेनले झन् चर्को स्वरमा अख्तियार प्रमुख राईतिर संकेत गर्दै आज मुद्दा चलाउनै पर्छ, मुद्दा नचलाई जान पाइँदैन, नत्र शिवपुरीको बास हुन्छ तपाईंहरूको भनेर धम्की दिएका थिए।

अख्तियार प्रमुख राईले प्रधानमन्त्री बालेनलाई सम्बोधन गरेर केही भन्न खोजेका थिए मैले अघि भनिसकेँ, त्यही हो' भन्दै थप कुरा सुन्न चाहेनन् । त्यसपछि प्रधानमन्त्री सचिवालयका मानिसहरूले मुद्दा तयार गर्न दबाब दिएपछि सामाजिक सञ्जाल कब्जा गरेकाहरुले अख्तियारले मुद्दा चलाउन मानेन भनेर लेखिदिएभने मानिसहरूले त्यही पत्याउँछन् अनि हाम्रो घर घेर्न, आगो लगाउन आउन सक्छन् विचार गरौं भनेपछि बाध्य भएर मुद्दा दर्ता भएको थियो।

जर्मन कम्पनीसँग ठेक्का तोड्न दबाब दिने क्रममा प्रधानमन्त्री सचिवालयका मानिसहरूले बारम्बार सामाजिक सञ्जाल प्रयोग गरेर सामाजिक रूपमा बदनाम गराउने धम्की दिएका थिएकाले पनि अख्तियारका पदाधिकारीहरू डराएका थिए ।

राहदानी विभागका कर्मचारीहरूलाई प्रधानमन्त्री सचिवालयका मानिसले तपाईंहरूको फोटो राखेर प्रधानमन्त्रीको फेसबुकमा यी हुन् भ्रष्टाचारी भनेर लेखिदियो भने के हुन्छ ? ठूला कुरा गर्ने !' भनेका अख्तियारका कर्मचारीहरूको भनाई छ । राहदानी विभागका महानिर्देशक अर्यालले यो ठेक्का प्रकरणमा कुनै अनियमितता नभएको, अन्तर्राष्ट्रिय प्रतिस्पर्धा भएको र फेयर काम भएको र एक रूपैयाँ पनि भ्रष्टाचार भएको रहेछ भने मलाई झुन्ड्याइदिनू भेका थिए। त्यसपछि पनि प्रधानमन्त्री सचिवालयका सदस्यहरू बोल्न र आरोप लगाउन रोकिएनन्।

त्यो दिन राहदानी विभागका अधिकारीहरूलाई धम्क्याउने र फकाउने दुवै काम प्रधानमन्त्री सचिवालयका मानिसहरूले एकसाथ गरिरहेका थिए। प्रधानमन्त्रीका सल्लाहकार असिम शाहले विभागका तत्कालीन महानिर्देशक अर्याललाई यो दिन आओस् भनेर मैले नचाहेको तर तपाईंहरूले सहयोग नगरेको , हामीले जर्मन कम्पनीको ठेक्का तोड्न चाहेपछि तपाईंहरूले सहयोग गर्नुपर्ने भनेका थिए । प्रधानमन्त्री सचिवालयका सदस्यहरूले राहदानी विभागका कर्मचारीहरूलाई फकाएर त्यो दिन जर्मन कम्पनीहरूसँग ठेक्का तोड्ने बाटो खोजिरहेका थिए।

एक अधिकारीका अनुसार, भण्डारी थरका एक व्यक्तिले आफू प्रधानमन्त्री सचिवालय सदस्य भएको बताउँदै उनीहरूसँग छुट्टै कुरा गर्दै जर्मन कम्पनीसँगको ठेक्का कसरी तोड्न सकिन्छ, त्यो बाटो खोज्ने काम मेरो जिम्मेवारीमा छ। त्यसमा तपाईंहरूले सहयोग गर्नुपऱ्यो भनेका थिए। भण्डारीले आज असार १ हो, जेठ २२ गतेको मिति राखेर जर्मन कम्पनीहरूलाई ७ दिनको म्याद दिँदै केही सर्तसहित इमेल पठाउन, त्यसको सात दिन, जेठ २९ गते पुग्छ । ती सर्त समयमा पूरा नगरेको कारण देखाएर आज ठेक्का तोड्ने निर्णय गरौं भनेर सुझाव दिएका थिए।

राहदानी विभागका अधिकारीहरूले त्यो कुरा सुनेर आफूहरू अक्क न बक्क परेको बताए । विभागका अधिकारीहरूले त्यसरी इमेल किन पठाउन मिल्दैन भनेर भण्डारीलाई सम्झाएका थिए। अधिकारीहरूको कुरा सुनेपछि भण्डारी उठेर अर्को कोठामा गएका थिए। त्यसपछि ब्याक डेटमा इमेल पठाउने कुराबाट प्रधानमन्त्रीको टिम ब्याक भएको विभागका अधिकारीहरू बताउँछन् । प्रधानमन्त्री सचिवालयका सदस्यहरूले त्यसपछि पनि ठेक्का तोड्ने उपाय निकाल्न दबाब बढाइरहेका थिए।

उनीहरूले जर्मन कम्पनीको ठेक्का रद्द गरेर पुरानै फ्रेन्च कम्पनीबाट राहदानी किन्नुपर्ने र फ्रेन्च कम्पनीले प्रति राहदानी ६ डलरमा दिने बताउँदै जर्मन कम्पनीको ठेक्का रद्द गर्न दवाव दिएका थिए । विभागका अधिकारीहरूले ठेक्का रद्द गर्ने भए प्रधानमन्त्री कार्यालयबाटै लिखित निर्देशन आउनुपर्ने बताउँदै ठेक्का रद्द गर्ने सिफारिस पनि विभागले गर्न नसक्ने अडान लिएका थिए । राहदानी विभागका कर्मचारीहरूले त्यसै दिन ठेक्का तोड्न र ठेक्का तोड्ने कागजात तयार गर्न मानेनन्। अख्तियारका अधिकारीहरूले मुद्दा लैजान कागजात पूरा हेर्नुपर्ने, अध्ययन गर्नुपर्ने, प्रमाण संकलन गर्नुपर्ने, बयानपत्र तयार गर्नुपर्ने, सर्वोच्च अदालतमा मुद्दा परेकाले कयौं कागजात अदालतमा भएको भन्दै ती कागजात चाहिने बताएका थिए । त्यही दिन ठेक्का तोड्न र मुद्दा लैजान नमिलेपछि प्रधानमन्त्रीका सहयोगीहरूले राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र अरू केही अधिकारीलाई त्यहीँबाट पक्राउ गरी मुद्दा लैजानुपर्ने अड्डी कसेका थिए।

त्यही हठका कारण अख्तियारका अधिकारीहरूले अर्को कोठामा बसेका राहदानी विभागका महानिर्देशक अर्याल र निर्देशक सुनिल केसीलाई राति ८ बजेर ५८ मिनेटमा पक्राउ पुर्जी थमाए र अख्तियार लगेका थिए । उनीहरूलाई पक्राउ गर्ने सुनिश्चित भएपछि मात्रै अख्तियार प्रमुख प्रेम राई र अरू पदाधिकारीहरूले साँझ अबेर घर जान पाएका थिए। राहदानी छाप्ने ठेक्का यसपालि आफूले नपाएपछि फ्रेन्च कम्पनी आइडिमियाले सार्वजनिक खरिद पुनरवलोकन आयोगमा उजुरी दिएको थियो। उक्त अर्धन्यायिक निकायले सुनुवाइ गरेर आइडिमियाको उजुरी खारेज गरिदिएको थियो।

सुरुमा टेन्डर बनाउँदा आइडिमियालाई नै फेभर गरेर टेन्डर बनाइयो भन्ने आरोप विभागलाई लागेको उनले बताए। 'फेयर भएर राज्यले हेरेको भए हामीलाई तिमीहरूले राम्रो काम गर्यौ भनेर पुरस्कार दिनुपर्ने हो, तर हाम्रा साथीहरूलाई भ्रष्टाचारको आरोपमा मुद्दा लगाइयो, उनीहरूको सामाजिक प्रतिष्ठा बर्बाद पारियो।'-उनले गुनासो गरे।

तत्काल मुद्दा नचलाए सामाजिक सञ्जालमा आफूहरूविरूद्ध प्रचारप्रसार गरिदिने र आफू तथा आफ्नो घरपरिवारमाथि आक्रमण हुन सक्ने डरले मुद्दा चलाउने निर्णयमा पुगेको अख्तियारकै अधिकारीले बताएका छन्। पासपोर्ट छपाई ठेक्कामा प्रधानमन्त्रीको सचिवालयको हस्तक्षेपबारे श्रृंखलाबद्ध खोजी समाचार लेखिरहेका वरिष्ठ पत्रकार अमित ढकालले जर्मन कम्पनीहरूसँग ठेक्का तोड्ने एक सूत्रीय रणनीतिमा सुरूदेखि नै प्रधानमन्त्रीको टिम लागेको निश्कर्ष निकालेका छन्।

**नेताहरू** ...

पूर्वमहान्यायाधिवक्ता तथा वरिष्ठ अधिवक्ता रमेश बडालले ओलीको दुई पटकसम्म मिर्गौला फेरिएको र अब पुन सङ्क्रमण भएमा फेर्न सकिने अवस्था नभएको र गम्भीर स्वास्थ्यको समस्या भएका व्यक्तिलाई अदालतले मानवीय व्यवहार गर्नुपर्नेतर्फ ध्यानाकर्षण गराएका थिए। सो कुरालाई ध्यानमा राख्दै अदालतले ओलीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ अनुसार हिरासत बाहिर राखेर अनुसन्धान गर्न प्रहरीलाई भनेको हो।

आदेशको अन्तिम खण्डमा भनिएको छ- 'तेस्रो पटक म्याद थपको अवधि उपरान्त यी रिट निवेदक केपी शर्मा ओली र रमेश लेखकलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को प्रक्रिया पूरा गरी तुरुन्त थुनामुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गर्नू गराउनू भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिएको छ।'

लुम्बिनी प्रदेश सभा सदस्य रेखाकुमारी शर्मामाथि महान्यायाधिवक्ताको कार्यालयले २०८२ जेठ १६ मा मुद्दा नचल्ने निर्णय गरेको थियो । फेरि त्यही मुद्दामा पक्राउ गरेर उनलाई अदालतमा पेस गरे पनि २०८२ चैत २२ मा काठमाडौं जिल्ला अदालतका न्यायाधीश जगतबहादुर पौडेलले थुनामुक्त गर्न आदेश गरे। त्यसपछि सरकार उनलाई छाड्न बाध्य भयो । सांसद शर्माको घरबाट २०८१ जेठमा काठमाडौं महानगरपालिकाको टोलीले एक बालिकाको उद्धार गरेको थियो। ती बालिकाले आफूमाथि कुटपिट हुने गरेको बताएकी थिइन्। सोही आधारमा शर्मा पक्राउ परेकी थिइन्।

सरकारले काम देखाउन 'एक्सन' लिने प्रयोजनमा पर्याप्त प्रमाणबिना पक्राउ गर्दा हाइप्रोफाइलका व्यक्तिहरू अदालतको आदेशबाट छुट्ने गरेका छन्। परिपक्व प्रमाणबिना पक्राउ गर्दा अदालतले पक्राउ पुर्जी र प्रमाणको विषयमा अदालतले प्रश्न उठाउँदै आइरहेको छ।

नेपाली कांग्रेसका नेता तथा पूर्वउर्जामन्त्री दीपक खड्कालाई २०८२ चैत २५ गते सम्पत्ति शुद्धीकरण मुद्दामा अनुसन्धान गर्न प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी)ले पक्राउ गरेको थियो। उनलाई पक्राउ गर्दा विधि र प्रक्रिया नमिलेको भन्दै बन्दीप्रत्यक्षीकरण रिटमा सर्वोच्च अदालतका तत्कालीन कामुप्रधान न्यायाधीश सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको इजलासले गत वैशाख ३ गते रिहा गर्न आदेश दिएको थियो।

खड्कालाई छाड्न आदेश दिए पनि विदेश जान भने उनले सम्बन्धित अदालतबाट अनुमति लिनुपर्ने आदेशमा उल्लेख छ । 'निवेदकलाई हिरासतमा राख्दा उचित विधि र प्रक्रिया पूरा गरेको देखिएन,' आदेशमा भनिएको छ, 'निजको पक्राउ पुर्जी र म्याद थप कानुनसङ्गत देखिँदैन। निजमाथिको दाबीको कसुरको अनुसन्धान हिरासत बाहिर बसेर नै हुन सक्ने प्रकृतिको देखिँदा सम्बन्धित अदालतबाट अनुमति लिईमात्र निवेदकलाई विदेश जान दिनु र निजलाई तत्काल थुनामुक्त गर्नु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ।'

पछिल्लो समय सम्पत्ति शुद्धीकरण कसुरमा नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वअर्थमन्त्री विष्णु पौडेललाई गत असार ८ गते सम्पत्ति शुद्धीकरण विभागले सुर्खेतबाट पक्राउ गरेर काठमाडौं ल्याएको थियो। विशेष अदालतबाट पटक-पटक गरेर अनुसन्धानका लागि २५ दिनसम्म म्याद लिई न्यायिक हिरासतमा राखेपछि पूरक अभियोजनको रूपमा मुद्दा दर्ता गरिएको थियो । व्यवसायी दीपक भट्टको सम्पत्ति शुद्धीकरण मुद्दामा पौडेललाई पनि प्रतिवादी बनाउँदै पूरक अभियोजन गरिएको थियो। साउन १ गते अदालतमा पेस भएको सम्पत्ति शुद्धीकरण कसुर सम्बन्धी मुद्दामा विशेष अदालतले कुनै व्यक्तिले दिएको बयानकै आधारमा मात्रै सम्पत्ति शुद्धीकरण मुद्दा दर्ता गर्ने पर्याप्त आधार र प्रमाण नदेखेपछि साधारण तारेखमा छाड्ने आदेश दिएको हो।

विशेष अदालतका सदस्यहरू नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र विदुर कोइरालाको इजलासले गत शुक्रबार तत्काल प्राप्त प्रमाणहरूबाट विष्णु पौडेलको सो कार्यमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन नसकेको प्रस्ट पारेको छ। पौडेलविरुद्ध २० करोड ९० लाख रुपैयाँ बिगो दाबी गर्दै मन्त्री पदमा रहँदा पदको दुरुपयोग गरी व्यवसायीलाई लाभ पुऱ्याएको र अवैध धन लुकाउन सहयोग गरेको अभियोग लगाएको थियो । अदालतले पहिलो आधारमा पौडेलको प्रत्यक्ष प्रमाणको अभाव रहेको औंल्याएको छ। अदालतले तत्काल प्राप्त प्रमाणहरूबाट विष्णु पौडेलको सो कार्यमा प्रत्यक्ष संलग्नता रहेको पुष्टि हुन नसकेको आदेशमा उल्लेख छ।

अभियोग दाबी गरिएबमोजिम पौडेलले कसुर गरेको देखिने बलियो आधार फेला नपरेको अदालतको ठहर छ। अदालतले दोस्रो आधारमा मुख्य अभियुक्तको बयानलाई लिएको छ । यसै मुद्दाका अर्का प्रतिवादी (मुख्य अभियुक्त मानिएका) दीपक भट्टले अनुसन्धान अधिकृत र अदालत समक्ष बयान दिँदा विष्णु पौडेलले सेयर खरिद-बिक्रीमा कुनै सहजीकरण गरेको वा उनको संलग्नता रहेकोबारे कुनै कुरा खुलाएका छैनन्। अर्थात्, मुख्य आरोपितले नै पौडेलको नाम पोलेका छैनन्।

पौडेललाई साधारण तारेखमा छाड्ने आदेश दिँदा श्रीराम टोवाको उद्योगका सञ्चालकहरू कमल किशोर मालपानी र चुन्नुप्रसाद शर्माको बयानकै आधारमा मुद्दा चलाइएकोमा अदालतले प्रश्न गरेको छ। अदालतले भनेको छ, 'यदि सेयर कारोबारमा अनियमितता भएको हो र पौडेलले त्यसलाई सहजीकरण गरेका हुन् भने सो कारोबारबाट प्रत्यक्ष फाइदा लिने पक्षलाई किन प्रतिवादी बनाइएन ?'

वास्तविक लाभग्राहीमाथि मुद्दा नचलाइएको अवस्थामा केवल 'सहजीकरण गरेको' भन्ने बयानका आधारमा मात्र पौडेललाई थुनामा राख्न नमिल्ने अदालतको ठहर छ । अभियोगमा श्रीराम टोवाको उद्योगको सेयर हस्तान्तरण हुँदा पौडेल अर्थमन्त्री रहेको दाबी गरिएको भए पनि वास्तविकतामा २०८०/१२/१५ मा सेयर हस्तान्तरण हुँदा उनी अर्थमन्त्रीको पदमा नरहेको देखिन आएको अदालतले जनाएको छ।

'सम्पत्ति शुद्धीकरण मुद्दाका प्रतिवादी दीपक भट्टको आर्थिक कारोबारसँग यी प्रतिवादी विष्णुप्रसाद पौडेलको सम्बन्ध, संलग्नता रहेको कुरा तत्काल प्राप्त प्रमाणहरूबाट खुल्न नसकेको, आरोपदाबीको कसुरमा यी प्रतिवादीले इन्कारी बयान गरेको, यी प्रतिवादीको नाममा सहप्रतिवादी दीपक भट्टको वित्तीय कारोबार समेतबाट सम्पत्ति वा लाभ प्राप्त भएको भन्नेसमेत खुल्न नसकेको समेतको अवस्था हुँदा उल्लिखित तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा ७ को (ग) को अवस्था विद्यमान रहेको देखियो', आदेशमा भनिएको छ, 'तसर्थ, पछि प्रमाण परीक्षण गर्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रस्तुत मुद्दाको पुर्पक्षको लागि प्रतिवादी विष्णुप्रसाद पौडेललाई साधारण तारिखमा राख्नू।'

**सुस्तावासीको**...

स्थलगत निरीक्षणमा प्रदेश प्रहरी तालिम केन्द्र बुटवलका समादेशक दयानिधि ज्ञवाली, जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रहरी उपरीक्षक रामबहादुर केसी, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी उपरीक्षक निशान राना, प्रहरी विशेष सुरक्षा गण नवलपरासीका प्रहरी उपरीक्षक डीबी मल्ल, सुस्ता बचाउ युवा अभियानका योगेन्द्र गौतमलगायत सहभागी टोलीले सुस्ताका अगुवा नेताहरुसँग भेटघाट गरी समस्याका बारेमा जानकारी लिएका थिए।

## हार्दिक समवेदना



वि.स. जन्म : १९९८/१२/१५

निधनः २०८३/03/30

**स्व.छविलाल श्रेष्ठ**

यस श्री गणेश नेवाः समाज बुटवल-११ का अध्यक्ष **ओमप्रकाश श्रेष्ठ** का बुबा छत्रदेव-४ केरूंगा निवासी समाजसेवी **स्व.छविलाल श्रेष्ठ** को ८५ वर्षको उमेरमा स्वर्गारोहण भएकोले हाम्रो यस संस्था परिवार अत्यन्तै दुःखित एवम् मर्माहत भएको छ। शोकको यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजन तथा आफन्तजन, ईष्टमित्रमा धैर्यधारण गर्न सक्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

**डिल प्रसाद श्रेष्ठ**
सचिव

**पशुपती श्रेष्ठ**
का.वा. अध्यक्ष

एवं

**श्री गणेश नेवाः समाज परिवार**
बुटवल-११, माझगाउँ


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**उत्तरगङ्गा ढोरबराह मन्दिर परिसरमा बाइसधारा:**
बागलुङको ढोरपाटन नगरपालिका-९ मा अवस्थित उत्तरगङ्गा ढोरबराह मन्दिर परिसरमा रहेको बाइसधारा। यस मन्दिरमा जनैपूर्णिमा पर्वमा मेला लाग्ने गर्छ। तस्विरः रासस

# रोटरी बुटवलको अध्यक्षमा यदुनाथ



बुटवल। रोटरी क्लब अफ बुटवलको ३४औं पद स्थापना कार्यक्रम सम्पन्न भएको छ। एक समारोहका बिच वर्ष २०२५/२६ का अध्यक्ष कृष्ण पराजुलीले वर्ष २०२६/२७ का अध्यक्ष यदुनाथ पाण्डेयलाई पद हस्तान्तरण गरे।

कार्यक्रमको रोटरी डिष्ट्रिक ३२९२ का डिष्ट्रिक गर्भनर ईलेक्ट प्रा.डा आईपी ढकालले उद्घाटन गर्दै रोटरी नेतृत्वलाई स्थानिय र विश्वव्यापी दुबै चुनौतीहरु आइरहेको बताए। स्थानीय चुनौतीका रुपमा कम सदस्य, कमजोर क्लबहरु बढ्दै गएको भन्दै यस्ता क्लबको पहिचान गरि साथ र सहयोग गर्दै अघि लग्नजरुरी रहेको उनले बताए। यसैगरी समुदायस्तरमा रोटरीको बारेमा बुझाउन पहिलो सदस्यहरु नै ज्ञान लिने र अपडेट हुनु जरुरी रहेको उनले बताए। अर्कोतर्फ ग्लोबल चुनौतीको रुपमा रोटरीयन सदस्य घट्दो देखिएको उनले बताए। विश्वब्यापी रुपमा क्लब कल्चरमा परिवर्तन ल्याउने, माईण्ड सेन्ट चेन्ज, विश्वासको भावना कायम गर्ने, आफना क्लबका सदस्यहरुलाई महत्व दिने जस्ता नया सोच र परिवर्तन रोटरीमा ल्याउन जरुरी रहेको उनले बताए।

कार्यक्रममा रोटरी वर्ष २०२६/२७ का अध्यक्ष यदुनाथ पाण्डेयले आफ्नो व्यक्तिगत जीवनका उतारचढाव र रोटरी यात्राबारे बताउँदा भाबुक बने। आफनो कार्यकालमा क्लबबाट गर्ने वार्षिक योजना पेश गर्दै उनले स्थानीय सरकारसँग सहकार्य गरी विकास निर्माणमा अग्रसर रहेको बताए। क्लबलाई प्रविधिमैत्री बनाउन प्रशिक्षण, वनवाटिकामा एनिमल एम्बुलेन्स, मोबाईल आई क्लिनिक भ्यान हस्तान्तरणलगायत अभियान चलाउने प्रतिबद्धता समेत उनले जनाए। क्लब सदस्य संख्या वृद्धि गर्ने प्रतिबद्धताअनुसार कार्यक्रममा २५ जना नया सदस्य भित्राउन सफल भएका छन्। यसैबिच नवनिर्वाचित अध्यक्ष पाण्डेयले बोर्डका पदाधिकारी र सदस्यलाई पद तथा गोपनियताको सपथ खुवाए।

कार्यक्रममा वर्ष २०२५/२६ का अध्यक्ष कृष्ण पराजुलीले रोटरी नेतृत्व लिएसँगै व्यक्तिगत र सामाजिक क्षेत्रमा धेरै सिकाई भएको बताए। उनले कार्यक्रममा बुबाआमा धर्मा-कौशिलाको स्मृतिमा १ लाख रुपैयाँ बराबरको धर्मा-कौशिला गुरुकुलम छात्रवृत्ति स्थापनाको घोषणा गरे। जसको ब्याज रकमबाट वार्षिक रुपमा गुरुकुल अध्ययन गर्ने विद्यार्थीलाई १० हजार रुपैयाँ बराबर छात्रवृत्ति प्रदान हुनेछ। आफ्नो कार्यकालमा वार्षिक कार्ययोजनाअन्तरगत विभिन्न कार्यक्रमका संयोजक तथा बोर्डलाई उनले मायाको चिनो प्रदान गरे।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले नगरभित्रका क्लबहरुसँग सहकार्य गरी सामूहिक विकासको योजना बनाउने आफू अग्रसर रहेको बताए। नगरभित्र युवालक्षित शिक्षा, स्वास्थ्य, सीप, तालिम लगायतमा क्लबहरुको साथ र सहयोग साथै ठूला विकासका योजनामा समेत परिणाममुखी लगानीको वातावरण बनाउन उनले आग्रह गरे।

कार्यक्रममा क्लबका एसाईन एजी ओम जैसी, डिष्ट्रिक सचिव लक्ष्मण ज्ञवाली, प्रेसिडेन्ट काउन्सिल चेयर कृष्णप्रसाद अर्याल, आरसि चितवनका अध्यक्ष गेहेन्द्र श्रेष्ठ, आरसि पाल्पाका संस्थापक अध्यक्ष गोपाल पोखरेल, अध्यक्ष पाण्डेयका सुपुत्र करुण पाण्डेय र क्लबका सचिव दिवाकर घिमिरेले रोटरी अभियान र यसबाट भएका विविध कार्यक्रमहरुको बरेमा चर्चा गरेका थिए।

# बाली क्षतिबाट जिल्लाका किसान चिन्तित



**अनिल नेपाली**
*अर्घाखाँची*

जङ्गली बँदेलले अर्घाखाँचीका गाउँ-नगरका बस्तीमा पसेर बालीमा क्षति पुऱ्याउन थालेपछि जिल्लाका किसान चिन्तित भएका छन्।

आहाराको खोजीमा पछिल्लो समय वनबाट गाउँबस्ती छिर्ने बँदेलको संख्या बढ्दै गइरहेको छ। मुख्य बालीको रूपमा उत्पादन गरिने मकैमा यस वर्ष ठूलो नोक्सानी पुगेको सन्धिखर्क नगरपालिका वडा नं. ७ का स्थानीय कृषक बाबुराम थापाका अनुसार बँदेलको झुन्ड रातिको समयमा बस्ती नजिकैका खेतबारीमा पस्ने र मकैको गोडमेलदेखि बोटसहित नष्ट गर्ने गरेको छ।

यसबाट दुई सय रोपनी क्षेत्रफलमा लगाइएको मकै नष्ट गरेको कृषक थापाले बताएका छन्। थापाका अनुसार हामीले धेरै मेहनत गरेर मकै लगाएका थियौँ। तर रातको समयमा बँदेलले बारीमा पसेर सबै मकै खाइदिन्छ। अब घर खर्च कसरी चलाउने भन्ने चिन्ताले सताएको छ बँदेलको आतंक यति डरलाग्दो छ कि हामी किसान रातभर जाग्राम बस्न बाध्य छौँ। बारीमा आगो बाल्ने, ड्रम पिट्ने, कराउनेजस्ता उपायहरू अपनाए पनि बँदेल धपाउन सकिएको छैन। बँदेलको झुन्ड ठूलो, तागतिलो र हिंस्रक हुने भएकाले प्रायः हाम्रो प्रयास असफल भएको छ।

'नगरपालिका र वडाका प्रतिनिधिहरूलाई पटक पटक जानकारी गराएका छौँ। उनीहरूले पनि समस्या चिनेका छन् र समाधान खोज्ने प्रयास भइरहेको छ,' उनले भने -'स्थायी समाधान अझै देखिएको छैन।' बँदेल नियन्त्रणका लागि स्थानीय सरकारले पनि विभिन्न प्रयास गरेको सन्धिखर्क नगरपालिका वडा नं. ७ का अध्यक्ष चुरा ब केसीले बताएका छन्।

आर्थिक वर्ष २०८२/०८३

# २२ करोड ३९ लाखको अवैध सामान नियन्त्रण, ५ सय ७४ जना फरार प्रतिवादी पक्राउ



**मोहम्मद हबिब**
*भैरहवा*

जिल्ला प्रहरी कार्यालय रुपन्देही र मातहत कार्यालयहरुले एक वर्षको अवधिमा भन्सार चोरी निकासी गरी भारतबाट नेपाल अवैध रुपमा ल्याउँदै गरेको २२ करोड बढीको सामान बरामद गरेको छ। यस्तै अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादी रहेका ५ सय ७४ जनालाई प्रहरीले पक्राउ गरेको छ।

रुपन्देही प्रहरी तस्करहरुमा निर्मम बनेसँगै अघिल्लो वर्षभन्दा यो आर्थिक वर्षमा १० करोड बढिको तस्करीका समान र तस्करीका लागि प्रयोग भएको साधन जिल्ला प्रहरी कार्यालय र मातहतका युनिटले लिएका हुन्। अहिले जिल्लाको कमाण्ड एसपी जनकबहादुर शाहीले सम्हालिरहेका छन् भने डीएसपी कृष्णकुमार चन्द र निशान्त श्रीवास्तवको निरन्तर एक्शन र कमाण्डले अभियान नै चलाई सीमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रुपमा प्रस्तुत भए जसको फलस्वरुप भन्सार राजश्व दाखिला ह्वात्तै गत वर्षभन्दा झण्डै दोब्बर बढ्यो। मौलाउँदै गरेको तस्करीलाई रोक्न कमाण्डले युनिट इञ्चार्जहरुलाई निर्देशन दिँदै दैनिक अवैध गतिविधी नियन्त्रणमा लागेका छन्। जिल्ला प्रहरी कार्यालयले दिएको सूचनाअनुसार आर्थिक वर्ष २०८२-८३ को अवधिमा २२ करोड ३९ लाख ५७ हजार २१० रुपैया बराबरको सामानहरु, र चोरी तस्करीमा संलग्न ३९२ वटा मोटरसाइकल, ६ वटा ट्रक, २५ वटा पिकअप, ११ वटा कार, ६ वटा अटो नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि पठाइएको छ। आर्थिक वर्ष २०८१-८२ मा भने १२ करोड ६७ लाख ७१ हजार ७७९ रुपैया बराबरको सामानहरु, र चोरी तस्करीमा संलग्न ३०२ वटा मोटरसाइकल, ८ वटा ट्रक, १७ वटा पिकअप, ३ वटा अटो, १ वटा ट्र्याक्टर नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि पठाइएको थियो।

पछिल्लो एक वर्षमा प्रहरीले तस्करी मात्र नभई तस्करीका लागि प्रयोग हुने साधन र तस्करी गर्ने व्यक्ति प्रति पनि निर्मम रहेको देखिन्छ। यसअघि बेवारिसे अवस्थामा समानहरु बरामद हुने गरेका थिए भने अहिले व्यक्तिसहित अवैध समानहरु बरामद भइरहेका छन्। एक वर्षको अवधिमा अबैध भन्सार छलि/तस्करीमा संलग्न २२० जनालाई नियन्त्रणमा लिइएको छ। अघिल्लो आर्थिक वर्षमा तस्करीमा संलग्न ११३ जनालाई नियन्त्रणमा लिईएको थियो। तस्करको मनोबल गिराउन र सीमितले मात्रै फाइदा लिइरहेको तस्करीप्रति निर्मम हुँदा यसले राज्यलाई केही फाइदा पुगेको छ।

रुपन्देही प्रहरीले पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा समेत आक्रमक रुपमा लागेको छ। सजाय फैसला भएका त्यस्ता व्यक्तिहरु समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रुपमा रहेकोले पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका सूचना अधिकारी डीएसपी कृष्णकुमार चन्दले बताए। 'फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौं, जसका लागि हामीले अभियान नै चलाएर निर्ममताका साथ काम गरिरहेको छौं। हामीले एक वर्षको अवधिमा फैसला कार्यान्वयनको शिलशिलामा विभिन्न मुद्दामा फरार रहेका ५ सय ७४ जना प्रतिवादीहरुलाई पक्राउ गरी ३१९ बर्ष ६ महिना १५ दिन कैद असुलउपर र ३ करोड ३९ लाख ८४ हजार ७७२ रुपैयाँ जरिवाना असुल उपर गराइएको छ। पक्राउ परेका फरार प्रतिवादीहरूमा लागुऔषध, सवारी ज्यान, कुटपिट लुटपाट, सार्वजनिक अपराध, कुटपिट अंगभंग, चोरी मुद्दालगायतका छन्।'-उनले भने।

नियमित कामसँगै जिल्लामा शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न सुरक्षा योजना बनाई चोरी तस्करी मात्रै होइन विभिन्न घटनाहरुको सफल अनुसन्धान भएका छन् भने केही हुँदै गरेको उनले बताए। भारतबाट नेपालतर्फ चोरी पैठारी गर्न लागिएको कपडा, चिनी, प्याज, कपडा, खाद्यन्न, हार्डवेयर, मोटर पार्टस, उपभोग्य सामान तथा ओसारपसारमा प्रयोग भएका साधन समेत नियन्त्रणमा आइरहेको छ, यस्तै नेपालबाट भारततर्फ हुनै अवैध ओसारपसारमा पनि प्रहरीको सक्रियता रहेतापनि पूर्णरुपले रोक्न भने चुनौती देखिएको छ। पछिल्लो समय अन्य देशबाट नेपालमा आएका ओखर, ड्राइफुट्समा प्रयोग हुने विया, पपकर्न मकै भारि मात्रामा भारततर्फ तस्करी भइरहेका छन्। खुला सीमा नाकाको फाइदा उठाएर हुने गरेको अवैध भन्सार चोरी पैठारीमा कडाइ गर्न कुनै कसर बाँकी नराखेको एसपीको भनाइ छ।

यस्तै रुपन्देहीका विभिन्न स्थानहरुबाट अवैध गिट्टिबालुवा, माटो उत्खनन् कार्यमा संलग्न ट्र्याक्टर ६० वटा, जेसिभी ३० वटा, टिप्पर र हाईवा २३ वटा नियन्त्रणमा लिई आवश्यक कारबाहीको सम्बन्धित स्थानीय निकायमा पठाइएको छ भने यसबाट पनि ४२ लाख ९२ हजार ७८ बराबरको जरिवाना असुल गरिएको कार्यालयले जानकारी दिएको छ।

यस्तै जिल्ला प्रहरी कार्यालय महिला सेलले घरेलु हिंसाका घटनालाई प्राथकिमताका साथ सम्बोधन गरेको छ। आर्थिक वर्ष २०८०। ०८१ मा ५ सय ६९ वटा घरेलु हिंसाका उजुरीहरु दर्ता भएका थिए। जसमध्ये ३ सय ९८ वटा उजुरी मेलमिलापबाट समाधान गरिएको तथ्याङ्क छ भने आर्थिक वर्ष २०८१/८२ मा ६४८ वटा उजुरी बालबालिका तथा जेष्ठ नागरिकसम्बनधी आएकोमा ६११ वटा मिलापत्र भएको, ४ सय ७१ वटा घरेलु हिंसाको उजुरीमध्ये ४२८ वटा मिलापत्र भएको छ। यस्तै वर्ष २०८२-८३ मा ८२४ वटा उजुरी बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी आएकोमा ८०१ वटा मिलापत्र भएको, ५ सय ५४ वटा घरेलु हिंसाको उजुरी मध्ये ५४६ वटा मिलापत्र भएको छ।

कार्यालयका अनुसार एक वर्षको अवधिमा जिल्ला भर १ हजार ९ सय २९ वटा मुद्धा दर्ता भएकोमा बैंकिङ कसुरमा मात्रै ५२७ वटा रहेको छ भने जघन्य अपराधका ६ सय ७७ र महिला बालबलिका सम्बन्धि ११२ वटा मुद्दा दर्ता भएका छन्। घरेलु हिंसातर्फ ८ सय २४ छन्। कार्यालयका अनुसार जिल्ला भर एक वर्षको अवधिमा १९८ जनाले झुण्डी आत्महत्या, २८ जनाले विष सेवन, २ जनाले आगो लगाएर गरी २२८ जनाले आत्महत्या गरेका छन्।

एक वर्षको अवधिमा रुपन्देही प्रहरीले १४० वटा लागु औषधको मुद्दा दर्ता गरी २ सय ४७ जनालाई पक्राउ गरेको छ भने उनीहरुको साथबाट कुल ६० केजी ४९८ ग्राम गाजा, २४४ ग्राम ब्राउन सुगर, क्याप्सुल, ट्र्याबलेट, एम्पुल, कोरेक्सलगायतका पदार्थ बरामद भएको छ।

उजुरीतर्फ ५ हजार ७ सय ७ उजुरी कार्यालयमा परेकोमा ५३ वटा मात्रै बाँकी रही सबै उजुरी फछ्र्यौट भएका छन्। यस्तै जिल्ला प्रशासनबाट ४९० वटा दर्ता भएकोमा ४७३ वटा फछ्र्यौट भएको र १७ वटा कारवाहीका लागि प्रहरी इकाईमा पठाइएको छ।

प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सचेत उपभोक्ता बनौं
सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।
सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं
भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं।
नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com